# २७७ औं पृथ्वी जयन्ती
## तथा
## राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा

## सांस्कृतिक संस्थानद्वारा
## आयोजित

# राष्ट्रिय सांस्कृतिक महोत्सव
## २०५५

सांस्कृतिक संस्थान
२०२९

## प्रस्तावना

विक्रम संवत् २०१६ सालमा राष्ट्रिय नाचघरको स्थापना भयो । सिंहदरवार नाचघर बाहेक जनस्तरको पहिलो नाचघर यही नै थियो । तर २०१८ सालमा आगलागी भै यो नाचघर ध्वस्त भएपछि श्री ५ मुमाबडामहारानी सरकारको निजी कोषबाट यसको पुनर्निर्माण सुसम्पन्न भै २०१९ सालमा पुन: सञ्चालन भयो । यो नाचघर २०२९ साल आषाढ ४ गतेसम्म विभिन्न मन्त्रालय तथा विभाग अन्तर्गत रह्यो । २०२९ साल आषाढ ५ गते सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत सांस्कृतिक नवजागरण गराई सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउने उद्देश्यले राष्ट्रियपन भएको सांस्कृतिक कार्यक्रम तयार पारी त्यसको सजीव प्रदर्शनद्वारा जनसाधारणका लागि स्वस्थ मनोरञ्जन उपलब्ध गराउनु एवं नेपालको गौरवशाली परम्पराको निर्वाह र विकास गर्दै जनताको बौद्धिक आवश्यकता र स्वस्थ मनोरञ्जनको चाहना पूर्ति गर्ने खालको सांस्कृतिक संस्थानको स्थापना भयो । स्थापनाकालमा संस्थानको कार्यलाय सिंहदरवारमा रहने गरेकोमा सिंहदरवार आगलागीमा सो नष्ट भै राष्ट्रिय नाचघर कम्पाउण्ड भित्रै कार्यालय भवन निर्माण भई २०३१ साल आषाढ ५ गते तयार भयो । पुरानो राष्ट्रिय नाचघरमा आधुनिक ध्वनि व्यवस्था, प्रकाश व्यवस्था, विद्युतीकरण, नियन्त्रण कक्ष निर्माण, नयाँ सीट व्यवस्था, नयाँ वाद्ययन्त्रको व्यवस्था, भेषभूषा तथा उपकरण लाइब्रेरी निर्माण, स्वराङ्कन कक्ष निर्माण आदि आदि अनेकौं मर्मत सुधार तथा परिवर्तन कार्यहरू भए ।

यस संस्थानले आफ्नो उद्देश्य पूर्तिका लागि सीमित स्रोत र साधनको बाबजुद स्थापनाकालदेखि हालसम्म निम्नानुसार उल्लेखनीय कार्यहरू गरेको र गर्दै आइरहेको छ :–

१. विभिन्न राष्ट्रिय उत्सव तथा पर्वहरूमा विशुद्ध नेपाली सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गर्दै आएको जस्तो :

क)	नयाँ वर्षको अवसरमा सांस्कृतिक कार्यक्रम प्रदर्शन ।

ख)	आषाढ ५ गते संस्थानको वार्षिकोत्सवमा विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन ।

ग)	विजया दशमीको समयमा समसामयिक सांस्कृतिक कार्यक्रम प्रदर्शन ।

घ)	राष्ट्रिय एकता दिवसको अवसरमा पहिले विशेष कार्यक्रम प्रदर्शन गर्ने गरेकोमा २०३९ सालदेखि २०४६ सालसम्म राष्ट्रिय सांस्कृतिक महोत्सवको आयोजना ।

ङ)	राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा चौध अञ्चलको लोक संगीत प्रतियोगिताको आयोजना, २०३९ सालदेखि राष्ट्रिय सांस्कृतिक महोत्सव शुरु भएपछि क्षेत्रीय सांस्कृतिक आदान-प्रदान कार्यक्रम, विशेष सांस्कृतिक कार्यक्रम प्रदर्शन आदि ।

२.	आफ्नो दैनिक कार्यक्रम प्रदर्शन अन्तर्गत सुपथ मूल्यका टिकट दरमा सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउने उद्देश्यले धार्मिक, सामाजिक तथा हाँस्य नाटकको अतिरिक्त गीति नाटक, नृत्य नाटक, प्रहसन, लोक गीत, आधुनिक गीतका साथै परम्परागत शास्त्रीय नृत्य तथा लोक नृत्यहरूले भरपूर कार्यक्रम फूलवारी, हिमालदेखि तराईसम्म, गुराँसका थुङ्गाहरू आदि प्रदर्शन गर्दै आइरहेको छ । यसमा कतिपय कार्यक्रमहरूले ज्यादै नै प्रसिद्धि पाएका छन् र झन् नेपाली गीति नाटकको इतिहासमा त अति नै लोकप्रिय भै सबैभन्दा धेरै दिनसम्म मञ्चन हुने कार्यक्रमको रूपमा कीर्तिमान कायम गर्न सफल भएको गीति नाटक 'मुना मदन' पनि यसै संस्थानको प्रस्तुति भएको तथ्य सर्वविदितै छ । यसको अलावा संस्थानले प्रदर्शन गरेका धेरै नाटक, गीति नाटक तथा नृत्य नाटकहरूले १०० औं दिन मनाएका छन् ।



३.	नेपालमा सर्वप्रथम आर्थिक वर्ष २०३३/३४ र २०३४/३५ मा १० देखि १४ वर्षसम्मका १९ जना प्रशिक्षार्थीहरूलाई अनुभवी प्रशिक्षकहरूद्वारा गायन, वादन र नृत्यको तालीम दिएको जसमा अधिकांश प्रशिक्षार्थीहरू आज पेशेवर कलाकारको रूपमा स्थापित भैसकेका छन् ।

४.	संस्थानले नेपालमा पहिलो पल्ट सोभियत संघको तासकन्द कठपुतली थियटरका मुखय निर्देशक श्री याकुब रफाइतोसिचद्वारा १४ जना कलाकारहरूलाई कठपुतली प्रदर्शन कलाको तालिम दिएर कठपुतली नृत्यको केही दिनसम्म प्रदर्शन समेत गरेको थियो ।

५.	अधिराज्यमा प्रचलित परम्परागत लोकनृत्य तथा बाद्ययन्त्रहरुको आवश्यक सङ्कलनका साथै रङ्गमञ्चमा तिनको प्रदर्शन गरेको छ ।

६.	संस्थानले स्थापनाकालदेखि नै नेपाली संस्कृतिको प्रचार-प्रसारहेतु देशका विभिन्न सुगम, दुर्गम तथा अति दुर्गम क्षेत्रहरूमा आफ्नो सांस्कृतिक टोलीहरूद्वारा कार्यक्रम प्रदर्शन गरेर राष्ट्रिय संस्कृतिको प्रचार गर्दै आएको छ ।

७.	विभिन्न सांस्कृतिक संघ, संस्था, समूह लगायत नव प्रतिभाहरूलाई प्रोत्साहित गरेर जनसमक्ष ल्याउन संस्थानले आफ्नो कार्यक्रम नभएको समयमा रंगमञ्च, ध्वनि, प्रकाश उपकरण आदि न्यूनतम शुल्क लिई उपलब्ध गराउँदै आएको छ ।

८. संस्थानले आफ्नो कार्यक्रमको लागि संस्थानभित्रै प्रशिक्षण दिएर आजसम्म सयौं प्रतिभावान् कलाकारहरू तयार पारी जनसमक्ष ल्याएको छ । जसमा कतिपय संस्थानमै कार्यरत छन्, कति अन्यत्र । संस्थानबाट प्रशिक्षित ती कलाकारहरू स्वदेश र विदेशमा समेत ख्याति पाउन सफल भएका छन् र आजका सफल गायक, गायिका, वाद्यवादक, अभिनेता, अभिनेत्री तथा नृत्य कलाकारहरूको रूपमा स्थापित भइसकेका छन् ।

९. २०५३ मार्ग महिनामा भगवान् बुद्धको जन्मस्थल 'लुम्बिनी शतवार्षिकी महोत्सव' मा १ सप्ताहभरि संस्थानका कलाकारहरूबाट सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

१०. २०३९ सालमा प्रारम्भ भएको राष्ट्रिय सांस्कृतिक महोत्सव २०४६ सालमा आठौं पटक पोखरामा सम्पन्न भएपछि बजेटको कारणले बन्द भयो । श्री ५ महाराजाधिराज सरकारको गद्दी आरोहण रजत महोत्सव २०५३ को पावन अवसरमा यसको पुन: शुभारम्भ भयो ।

२०१९ सालमा पुन: निर्माण गरिएको नेपालको पहिलो राष्ट्रिय नाचघर अहिले जीर्ण, अति नै जीर्ण अवस्थामा पुगेको छ । देशको यो एउटा मात्र नाचघरलाई अत्याधुनिक सुविधासम्पन्न नाचघरको रुपमा निर्माण गर्नसके सांस्कृतिक संस्थान पूर्ण रुपले आत्मनिर्भर बन्नुका साथै यस क्षेत्रले एउटा सुविधायुक्त थलो पाउने थियो । नयाँ भवन निर्माणका लागि विगतका दिनहरुमा पनि प्रशस्त प्रयासहरु भएका थिए र हाल पनि यस तर्फ क्रियाशील सोचाई रहीरहेको छ । नयाँ नाचघर भवन नबनुञ्जेल यही जीर्ण भइसकेको नाचघरलाई पनि बन्द गरिहाल्नु मनासिव नभएर मर्मत गर्दै काम चलाइ आएकोमा २०५० साल आषाढ ११ र १२ गते



नेपाल वन्दको क्रममा संस्थान पनि तोडफोडमा परी क्षतिग्रस्त भएर सम्पूर्ण कार्यक्रमहरु स्थगित गर्न वाध्य हुनु पर्‍यो । लामो समयदेखि सांस्कृतिक संस्थानले गरिआएका विविध कार्यक्रमहरुमा बाधा पुग्यो - यसको गतिशीलता ठप्प भयो । जनमानसमा यसको अस्तित्व धूमिल हुँदै गयो । सारा संस्कृतिकर्मीहरुमा नैराश्यको भावना सिर्जित हुनु पुग्यो । यस क्षेत्रलाई माया गर्नेहरु उदास देखिन थाले । सबैको चाहना एउटै बुझिन्थ्यो राष्ट्रिय नाचघर शीघ्र नयाँ रुपमा जनसमक्ष आउन सकोस् । भौतिक रुपले सुविधा सम्पन्न बन्न सकोस् । यो थलो संस्कृतिकर्मीहरुका लागि उर्वर बनेर मौलाउन सकोस् । चारैतिरवाट ज्यादै नै पायक पर्ने रानीपोखरीको पश्चिमोत्तर कोणमा ५ रोपनी ४ आना २ पैसा जमीनमा स्थित राष्ट्रिय नाचघरलाई एउटा अत्याधुनिक,सुविधायुक्त नाचघरको रुपमा निर्माण गर्न सकिएको खण्डमा संस्थान आत्मनिर्भर हुन सक्ने मात्र होइन, नेपाली कला र संस्कृतिको मात्र कुरा होइन देशको प्रतिष्ठामै एउटा नयाँ आयामको बृद्धि हुने थियो ।

यहाँ वर्ग, जाति र सांस्कृतिक विविधताको प्रचूरता छ । शायद त्यसै भएर नैं नेपाललाई ४ जात ३६ वर्णको फूलवारी मानिन्छ । अधिराज्यभरमा सांस्कृतिक पृथकता लिएर बसेका असंख्य जनजातिहरु छन् - तिनीहरुका आ-आफ्नो किसिमका सांस्कृतिक मूल्य र मान्यताहरु छन् । ती सबको संरक्षण, सम्बर्द्धन र प्रचार-प्रसार यथोचित ढंगले हुन सकेमा राष्ट्रको सर्वाङ्गीण विकासमा सहयोग पुग्नेछ । हुन त कुनैपनि राष्ट्रको सांस्कृतिक विकास सरकारी स्तरबाट मात्र सम्भव हुँदैन । जनस्तरबाट पनि यसलाई टेवा पुग्नु पर्छ । तथापि सरकारी नीतिले यस क्षेत्रलाई संरक्षण भने अवश्य दिनुपर्छ । परम्परादेखि नै यस क्षेत्रमा समर्पित व्यक्तित्वहरु पनि उचित प्रोत्साहनको अभावमा यो पेशा नै छोडी जीविकोपार्जनका लागि अन्य किसिमका पेशा लिन थाले । परम्परागत संस्कृति पुरानै पिढीमा मात्रै सीमित जस्तो भइसकेको

छ । नयाँ पिंढीकाले त लगभग यसलाई त्यागी नै सके भने पनि हुन्छ । बरु सांस्कृतिक विकृतिहरु बढ्दैछन् । सांस्कृतिक संरक्षण, सम्बर्द्धन र विकासको लागि संस्कृतिले बल्लतल्ल मन्त्रालयको दर्जासम्म पाएको छ, तर आर्थिक रुपले अपेक्षा गरे बमोजिम महत्व पाउन अझ वढी लाग्ने देखिन्छ ।

श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको एक मात्र संस्था सांस्कृतिक संस्थानलाई अझ बढी सुविधा सम्पन्न बनाई क्रियाशील बनाउन सके यस संस्थानले आफ्ना कार्यक्रमहरूलाई अझ वढी प्रभावकारी तरिकाले जनसमक्ष प्रस्तुत गर्न समर्थ हुने थियो । कार्यक्रमका दृष्टिले यो सस्थान अति गतिशील छ तर यसको भौतिक अवस्थाले गर्दा चाहे जति क्रियाशील भने हुन सकेको छैन । काठ गोदाममा निर्माण गरिएको राष्ट्रिय नाचघर बैज्ञानिक तरिकाले बनाइएको नभए तापनि जसोतसो कार्यक्रमहरू भइरहेककै थिए । यो संस्थान जनमानसमा निकै चर्चित पनि थियो, तर २०५० साल असार १० र ११ गतेका दिन नेपाल बन्दको क्रममा राष्ट्रिय नाचघरमा समेत तोडफोड गरी क्षतिग्रस्त तुल्याइएको । त्यसपछि यो बन्द नै भयो । राजधानीको मुटुमा रहेको राष्ट्रिय नाचघरमा ककुनै कार्यक्रम गर्ने स्थिति नै रहेन । ३ वर्षको लामो अन्तराल पश्चात् मर्मत सुधार गरी पुन: २०५३ साल आषाढ ५ गतेदेखि उही पुरानै राष्ट्रिय नाचघर नयाँ जोश र जाँगरका साथ जनसमक्ष उपस्थित भएको छ । संस्थानले सांस्कृतिक गतिविधि विस्तार गर्न आफ्नो साविक कार्यक्रम बाहेक बिकास योजना अन्तर्गत केही नयाँ कार्यक्रमहरूको थालनी पनि गरेको छ जसमा प्रमुख छन् -

१. राष्ट्रिय सांस्कृतिक महोत्सव २०५३ र २०५४

२. कलाकार प्रशिक्षण तथा उत्पादन : एक वर्षे प्रशिक्षण कार्यक्रम जस्मा गायन, वादन, नृत्य तथा अभिनय विधामा



ख्याति प्राप्त प्रशिक्षकहरूबाट कक्षा सञ्चालन गराइन्छ । हाल तेश्रो समूहको कक्षा सञ्चालन भैरहेको छ ।

३. क्षेत्रिय सांस्कृतिक कार्यक्रम: आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा ५ विकाश क्षेत्रका विभिन्न सुगम एवं दुर्गम क्षेत्रहरुमा समेत संस्थानका कलाकारहरूद्वारा नि:शुल्क सांस्कृतिक कार्यक्रम प्रदर्शन ।

४. क्षेत्रिय नाटक प्रतियोगिता : आर्थिक वर्ष २०५३।५४ मा मध्यमाञ्चल क्षेत्रिय नाटक प्रतियोगिता तथा आ. व. २०५४।५५ मा मध्यपश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल विकाश क्षेत्रका जिल्लाहरू विच वीरेन्द्रनगर, सुर्खेतमा नाटक प्रतियोगिता ।

५. सांस्कृतिक कार्यशाला गोष्ठी : आर्थिक वर्ष २०५४।५५ मा वीरेन्द्र नगर, सुर्खेतमा मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल विकाश क्षेत्रका कलाकारहरूको सहभागितामा अभिनय विषयक कार्यशाला गोष्ठी सम्पन्न ।

६. २०५३ साल चैत्रमा र २०५४ साल माघमा बसन्त पञ्चमीको अवसरमा शास्त्रीय संगीतज्ञहरूको सहभागितामा २ दिने शास्त्रिय संगीत उत्सवको आयोजना ।

७. राष्ट्रिय नाचघर मर्मत सुधार : स्थायी ढलको व्यवस्था, राष्ट्रिय नाचघरको छाना फेरेको, गाह्रो मर्मत, सिलिङ मर्मत, रंगमञ्चको भूई मर्मत (स्थायी), रंगरोगन ।

८. "वरै" नामक प्रयोगात्मक मौलिक नाटक प्रदर्शन, "विश्वामित्र मेनका" नाम लधु नृत्य नाटक प्रदर्शनको क्रममा छ भने केही नयाँ नृत्यहरू प्रदर्शनको तयारीमा रहेका छन् ।

# राष्ट्रिय सांस्कृतिक महोत्सव २०५५

वृहत् नेपाल राष्ट्रका निर्माता एवं राष्ट्रिय एकताका प्रतीक श्री ५ बडामहाराधिराज पृथ्वीनारायण शाहको २७७ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा १४ अंचलका कलाकारहरुको सहभागितामा सांस्कृतिक संस्थानले राष्ट्रिय सांस्कृतिक महोत्सव २०५५ को आयोजना गर्न लागेको छ । वि.सं. २०३९ सालमा प्रारम्भ गरिएको यो महोत्सव २०४६ सालमा आठौं पटक पोखरामा सम्पन्न भएपछि आर्थिक कठिनाईका कारण वन्द भयो । सप्ताहव्यापी रुपमा मनाइने गरेको यस महोत्सवले १४ वटै अन्चलका १४ जिल्लावाट आउने कलाकारहरुलाई एउटै थलोमा भेला भएर आफ्नो आफ्नो क्षेत्रको लोक संस्कृति प्रदर्शन गर्ने एक अर्काको कला परिचय पाउन,सांस्कृतिक आदान प्रदान गरी सांस्कृतिक समन्वय कायम गरेर लोक संस्कृतिको विकास गर्नका साथै गरी आ-आफ्नो संस्कृतिको संरक्षण गर्न अभिप्रेरित गर्दछ । यसै तथ्यलाई मध्यनजर राखेर संस्थानले श्री ५ महाराजाधिराज सरकारको गद्दी आरोहण रजत महोत्सवको अवसरमा १४ अंचलका कलाकारहरुको सहभागितामा राष्ट्रिय सांस्कृतिक महोत्सव २०५३ को आयोजना गरेको थियो । सो समारोहको समुदघाटन श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट सुसम्पन्न भएको थियो । यही क्रमलाई निरन्तरता दिएर संस्थानले राष्ट्रिय सांस्कृतिक महोत्सव २०५४ को आयोजना गर्‍यो । वढी भन्दा वढी दर्शकहरुलाई हेर्ने अवसरप्रदान गर्न काठमाडौं वाहेक ललितपुर र वनेपामा समेत यस कार्यक्रमलाई खुल्ला मन्चमा प्रदर्शन गरिएको थियो र नेपाल टेलिभिजनवाट प्रत्यक्ष प्रसारणको व्यवस्थापनि मिलाइएको थियो ।

राष्ट्रिय सांस्कृतिक महोत्सव २०५५ को आयोजना हुँदैछ । यस पटक संस्थानले आफ्नै प्रेक्षालय राष्ट्रिय नाचघरमा यस्को



आयोजना गर्दैछ । श्री ५ युवाराजाधिराज सरकारका वाहुलीवाट निगाहपूर्वक उदघाटन हुने कुरा सुनेर कलाकारहरु हर्षले विभोर भएका छन् । नेपालको कला संस्कृति प्राग ऐतिहासिक कालदेखि राजसंस्थावाट विकसित र संरक्षित भएको छ ।

यस वर्षको राष्ट्रिय सांस्कृतिक महोत्सवमा मेची अंचलको पाँचथर, कोशी अंचलको तेह्रथुम, सगरमाथा अन्चलको उदयपुर, जनकपुर अन्चलको दोलखा, नारायणी अन्चलको रौतहट, वागमती अन्चलको रसुवा, गण्डकी अन्चलको मनाङ, लुम्विनी अन्चलको नवलपरासी, धौलागिरी अन्चलको मुस्ताङ, राप्ती अन्चलको प्यूठान, भेरी अन्चलको वर्दिया, कर्णाली अन्चलको कालिकोट, सेती अन्चलको अछाम र महाकाली अन्चलको दार्चुला जिल्लाका कलाकारहरु आफ्नो जिल्ला तथा अन्चलको प्रतिनिधित्व गरेर आफ्नो आफ्नो लोक संस्कृतिको सौगात वोकेर राजधानीमा प्रस्तुत हुँदैछन् । सदैव झैं दर्शकहरुवाट यी कलाकारहरुले हौसला पाउने छन् भन्ने संस्थानले विश्वास लिएको छ । यस महोत्सवको आयोजनावाट नेपाली कलाकारहरुलाई एकतावद्ध भएर लोप हुँदै गइरहेको नेपाली संस्कृतिको संरक्षण गर्न, यसको विकाश गर्न केही प्रोत्साहन मिलेछ भने पनि यस महोत्सवको सार्थकता सिद्ध हुनेछ । यस महोत्सवको सफलता एवं निरन्तरताका लागि सम्पूर्ण कला संस्कृति प्रेमीहरुवाट संस्थान शुभेच्छाको अपेक्षा गर्दछ ।

# राष्ट्रिय सांस्कृतिक महोत्सवको कार्यक्रम

१. राष्ट्रिय नाचघरको प्राङ्गणमा पन्चैबाजा, धिमे तथा चौध अन्चलका कलाकारहरुको सांस्कृतिक झाँकी ।

२. श्री ५ युवराजाधिराज सरकारको सवारी ।

३. राष्ट्रिय नाचघरको मुलगेटमा श्री ५ युवराजाधिराज सरकारका जुनाफमा माननीय युवा खेलकूद तथा संस्कृति एवम् वाणिज्य मन्त्रीज्यू, युवा खेलकुद तथा संस्कृति मन्त्रालयका सचिवज्यू, सांस्कृतिक संस्थान सन्चालक समितिका अध्यक्षज्यू, सदस्यज्यूहरु तथा महाप्रवन्धकवाट फूलगुच्छा चढाई स्वागत अभिवादन ।

४. नाचघरको वरण्डामा चौध अन्चलका सांस्कृतिक टोलीनेतावाट श्री ५ युवराजाधिराज सरकारको स्वागत अभिवादन ।

५. श्री ५ युवराजाधिराज सरकारको राष्ट्रिय नाचघर प्रेक्ष्यालयभित्र सवारी ।

६. राष्ट्रिय गान ।

७. श्री ५ युवराजाधिराज सरकारका जुनाफमा राष्ट्रिय सांस्कृतिक महोत्सवको कार्यक्रम पुस्तिका महाप्रवन्धकवाट चढाउने र कार्यक्रम शुरुगर्ने अनुमतिका लागि विन्ति चढाउने ।



८. माननीय युवा खेलकूद तथा संस्कृति एवम् वाणिज्य मन्त्री श्री पूर्ण वहादुर खडकाज्यूवाट स्वागत भाषण ।

९. श्री ५ युवराजाधिराज सरकारका बाहुलीवाट दीप प्रज्वलन गरीबक्सी "राष्ट्रिय सांस्कृतिक महोत्सव २०५५" को समुद्घाटन ।

१०. सांस्कृतिक संस्थानका महाप्रवन्धक श्री हरिहर शर्मावाट धन्यवाद ज्ञापन ।

११. सांस्कृतिक संस्थानका कलाकारहरुवाट स्वदेश गान प्रस्तुत ।

१२. चौध अन्चलका कलाकारहरुको प्रस्तुती ।

१३. सांस्कृतिक संस्थानका कलाकारहरुद्वारा प्रस्तुत गरीने राष्ट्रिय एकता नृत्य तथा चौध अन्चलका कलाकारहरुको सहभागिता ।

# स्वदेश गान

रचना : हरिहर शर्मा
संगीत : नेपाल कला भूषण" चन्द्रराज शर्मा

देशको माया गरेनौ भने जन्म छ धिक्कार
नेपालको भार वोकेनौ भने वाँच्नु छ वेकार
किरिया खाइ प्रतिज्ञा गरौं यो देश वनाउं
नेपालको मुहार हँसीलो पारी विश्वमै चिनाउं ।

चौरी र याक रमाउने हिमाल विशाल तराई
खोला र नाला कलकल वग्ने क्या राम्रा झरना यी
लालु र पाते गुरांस फुल्ने हरिया पाखामा
डांफे र मुनाल नाच्दछन यहां लैवरी भाकामा
यही देशकावासी नेपाली हामी यो कुरा नविर्सौं
नेपालको मुहार हँसीलो पारी विश्वमै चिनाउँ ।
देशको माया.....

जानकी वुद्ध जन्मेको नेपाल शान्तिको मुहान
शान्ति विना विकाश हुन्न यो हाम्रो आव्हान
नरहे नेपाल रहन्न नेपाली यो कुरा नविर्सौं
स्वदेशको लागी उत्सर्ग गर्न मुट्ठी यो लौ कसौं
भावना स्वच्छ मनमा लिइ कर्ममा सव जुटौं
नेपालको मुहार हँसीलो पारी विश्वमै चिनाऔं ।



## गायक तथा गायिकाहरु :

| | | | |
|---|---|---|---|
| १. | सुदेश शर्मा | १. | कमला श्रेष्ठ |
| २. | स्वयम्भू राज शाक्य | २. | लोचन भट्टराई |
| ३. | बसन्त सापकोटा | ३. | विमा कुमारी दुरा |
| ४. | डेनि निरौला | ४. | मिरा रानाभाट |
| ५. | लक्ष्मण गुरुङ्ग | ५. | शर्मीला महर्जन |
| ६. | जीवन खनाल | ६. | हिमाली लामा |
| ७. | नन्दुराम वस्नेत | ७ | टिका दाहाल |
| ८. | दिपकराज पाण्डे | ८. | सिता थापा |
| ९. | भुवन डंगोल | ९. | जमुना राई |
| १०. | रोहन प्रसाद गोर्खाली | १०. | योक्षापूर्ण श्रेष्ठ |
| ११. | डेण्डी शेर्पा | | |
| १२. | विजय कायस्थ | | |
| १३. | जयराम विष्ट | | |
| १४. | राजेन्द्र राई | | |

## वाद्यवादकहरु:

१. कमल क्षेत्री
२. कृष्ण गुरुङ्ग
३. प्रविण गुरूङ्ग
४. नरसिङ्ग लाल श्रेष्ठ
५. पंच नारायण महर्जन
६. खर्क वहादुर वुढा
७ लोक राज राई
८. विरवहादुर गन्धर्व
९. कृण लामा

# कार्यक्रमको संक्षिप्त परिचय

## १. मेची अञ्चल — पाँचथर जिल्ला

### कसरक्वा

यो नृत्य आम लिम्बु जातिहरूको बीचमा नाचिने नृत्य हो। यस नृत्यमा च्यावुङ्ग, झ्याली झ्याम्टाहरू बजाई शशी मुन्दुम (आशीर्वाद) दिने बोल प्रयोग गरी उत्सवहरूमा नाचिन्छ।

#### सहभागी कलाकारहरू

१) शुभराज थापा (टोली प्रमुख)
२) दरी थापा
३) बुद्धराज लिम्बु
४) विष्णु राई
५) अजय लिङ्गदेन
६) सुश्री संगीता सुब्बा
७) सुश्री जानुका श्रेष्ठ
८) सुश्री जमुना कुइँकेल
९) सुश्री स्मीता थापा
१०) पदम का.दी.।

## २. कोशी अञ्चल — तेह्रथुम जिल्ला

### ढोल नृत्य

आ-आफ्नो लोकसंस्कृतिमा लिम्बु संस्कृति "केलाङ" ढोल नृत्य लिई पूर्व दिशाबाट लिम्बु युवा(युवतीहरू स्व. राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको स्मरणमा "के" (च्याब्रुङ) को सुमधुर तालमा गीतको भाखा मिलाई नाच्दै गाउँदै अन्त्यमा दश औंला जोडी बिदा लिंदै रङ्गमञ्चबाट प्रस्थान गर्छन्।



#### सहभागी कलाकारहरू

१) लोकबहादुर तुम्बाहाम्फे (टोली नेता)
२) इन्द्र सुब्बा
३) कुमार सुब्बा
४) माकुमार सुब्बा
५) चन्द्र सुब्बा
६) ललितमान सुब्बा
७) निता सुब्बा
८) गीता सुब्बा
९) गायत्री सुब्बा
१०) देवकला सुब्बा।

## ३. सगरमाथा अञ्चल — उदयपुर जिल्ला

### उदयपुर जिल्लाको स्थानीय लोकनृत्य

यस नृत्यमा उदयपुर जिल्लामा वर्षौंदेखि बजिरहेको सनँही, सारङ्गी, मुर्चुङ्गालाई वर्णन गर्दै राष्ट्रिय पोशाकको सम्मान र राष्ट्रिय फूल लालीगुराँसको वर्णन गर्न खोजिएको छ।

#### सहभागी कलाकारहरू

१) युवराज पराजुली (टोली नेता)
२) भरत विश्वकर्मा
३) भुवन थापा मगर
४) अर्जुन तामाङ
५) विष्णुकला श्रेष्ठ
६) पविता परियार
७) किरण मोते
८) प्रमिला मगर
९) सरिता वाग्ले
१०) फणिन्द्रराज तिमिल्सिना।

## ४. जनकपुर अञ्चल — दोलखा जिल्ला

### खड प्याखें

यो दोलआ जिल्लाको परम्परागत लोकनृत्य हो।

सहभागी कलाकारहरू

१) प्रमोद श्रेष्ठ (टोली नेता)

२) भगवानदास श्रेष्ठ ३) कृष्ण श्रेष्ठ
४) आनन्दमान श्रेष्ठ ५) चक्रबहादुर श्रेष्ठ
६) नरेन्द्रकुमार श्रेष्ठ ७) हर्षलाल श्रेष्ठ
८) टंकप्रसाद श्रेष्ठ ९) प्रशुराज श्रेष्ठ
१०) पूर्णबहादुर श्रेष्ठ ।

## ५. नारायणी अञ्चल रौतहट जिल्ला

### भोजपुरी नृत्य

तराईको ग्रामीण क्षेत्रमा विवाहित नारी स्त्रीशुलभ लज्जाले पहिलोपल्ट आमा बन्न लाग्दा लाजले सो कुरा आफ्नो श्रीमानलाई भन्न नसकी मेरो भाइले पत्र पठाएछ मलाई माइत जान देऊ भन्छे । तर श्रीमतीसँगको आसन्न बिछोडको विरह र वेदनाले व्याकुल हुँदै पति पत्नीलाई वर्षा आइसक्यो, पोखरी खोला नदीहरू बढेका छन् कसरी जान्छयौ भनी डराउँछ ।

पत्नी अनुनय गर्छे म माइतबाट बुबा भाइलाई भनेर सानो डुंगा मगाउँछु । पति फेरी पत्नीलाई तर्साउँदै भन्छ वर्षाको रात्री त बडो कालो डरलाग्दो हुन्छ । पत्नी फेरी अनुनय गर्दै भन्छे म तिम्रो प्रेमको बत्ती (दियो) बाल्छु । अन्ततः केही सीप नलागेर पत्नीले बाध्य भै भन्छे मेरो कोखमा तिम्रो प्रेमको निशानी आउँदै छ । मलाई अब त माइत जान देउ ।

सहभागी कलाकारहरू

१) कमलकुमार कमलेश (टोली नेता)

२) सुश्री सञ्जु राउत ३) सुश्री सुशीला भट्टराई
४) प्रमोद चौधरी ५) वशिष्ट सापकोटा
६) रेखा कार्की ७) मिना राउत
८) उद्धव पराजुली ९) केशव वाग्ले
१०) मनोज बजगाई ।



## ६. बागमती अञ्चल रसुवा जिल्ला

### स्याप्टु नाच

रसुवा जिल्लाको तामाङ जातिको परम्परागत नृत्य हो । यो नृत्य चाड पर्वका अतिरिक्त विवाह र अनय उत्सवमा पनि नाचिन्छ ।

सहभागी कलाकारहरू

१) दावा पेम्बा तामाङ्ग (टोली नेता)

२) विक्रम शेर्पा ३) रेम्पा सींगी टिटुङ्ग
४) राजकुमार घले ५) निभा वाङचु थोक्रा
६) कान्छीमाया तामाङ्ग ७) सम्झना तामाङ्ग
८) शर्मिला शेर्पा ९) रिना घले
१०) दावा लाम्हु तामाङ्ग

## ७. गण्डकी अञ्चल मनाङ्ग जिल्ला

सहभागी कलाकारहरू

१) साङ्गदो लामा (टोली नेता)

२) श्रीमती च्युडे लामा ३) श्रीमती रिजेन डोकर लामा
४) श्रीमती लाक्पा डोमा लामा ५) श्रीमती विना लामा
६) श्रीमती सुवर्ण लामा ७) श्रीमती केसाङ छोकी लामा
८) श्रीमती सोनाम लमु लामा ९) श्रीमती सीता लामा
१०) सुश्री सोनाम दिकी लामा ११) श्री तेन्छिरिङ्ग गुरुङ
१२) श्री रामबहादुर लामा ।

## ८. लुम्बिनी अञ्चल नवलपरासी जिल्ला

### राम झुमरा

#### सहभागी कलाकारहरू

| | |
|---|---|
| १) युवराज महतो | २) पतिराम थनेन |
| ३) तिलकराम महतो (क) | ४) तिलकराम महतो (ख) |
| ५) शिवराज थनेत | ६) तारा थनेत |
| ७) शेषकुमारी थनेत | ८) शोभाकुमारी महतो |
| ९) वसन्ती देवी महतो | १०) रामकुमारी थनेत । |

## ९. धौलागिरी अञ्चल मुस्ताङ्ग जिल्ला

### थकाली नृत्य

हामी थकाली जातिका छोरी हौं । छोराभन्दा बढी छोरीहरूलाई काम लगाउँछन् । हामी छोरीको जात बाबु आमाले सानैमा विवाह गरिदिन्छन् । आफ्नो जन्म घरमा बस्न चाहँदा चाहँदै पनि विवाह गरी पराई घरमा पठाई दिन्छन् । छोरालाई जति माया र ममता दिन्छन् त्यो हामी छोरीले पाउँदैनौं । बाबु आमा हामीलाई पनि छोरालाई दिए सरहको समान अधिकार, माया र ममता देउ भनी वन मेलापातमा गाउने नाच्ने गर्दछन् ।

#### सहभागी कलाकारहरू

१) विरेन्द्र तुलाचन (टोली नेता)

| | |
|---|---|
| २) विषणमणि गौचन | ३) रविन्द्र तुलाचन |
| ४) रत्नमान गौचन | ५) सुश्री हेमा पुन |
| ६) सुश्री सुशिला खाती | ७) सुश्री रोजीमाया पूर्जा |
| ८) सुश्री मनदेवी तुलाचन | ९) सुश्री जूना गौचन |
| १०) सुश्री दीपिका गौचन । | |



## १०. राप्ती अञ्चल प्यूठान जिल्ला

### गर्रा नृत्य

मध्यपश्चिम नेपालको खासगरी प्यूठान जिल्लामा निकै प्रचलित र लोकप्रिय नाचको रूपमा चिनिँदै आएको यो नाच मगर, गुरुङ, क्षेत्री र ब्राह्मण सबै समुदायद्वारा नाच्ने गरिन्छ । तिहारको औंसीका दिनदेखि भैलो र चौसीसँगै सप्तमी अष्टमीसम्म दिन रात प्रत्येक घरमा गएर नाचिने यो नाचलाई पाङदुरे नाच, मारुनी नाच आदि नामले पनि पुकारिन्छ ।

#### सहभागी कलाकारहरू

| | |
|---|---|
| १) परशुराम अधिकारी | २) रिताबहादुर अधिकारी |
| ३) हिवबहादुर अधिकारी | ४) सुश्री मिना गुरुङ |
| ५) सुश्री शानता पाण्डे | ६) हिरासिंह अधिकारी |
| ७) मानबहादुर अधिकारी | ८) विरबहादुर अधिकारी |
| ९) धनबहादुर पुन मगर | १०) कृष्ण के. सी. |
| ११) प्रेमबहादुर पुन मगर | १२) लोकबहादुर पुन मगर |

## ११. भेरी अञ्चल बर्दिया जिल्ला

### सखीया नृत्य

नेपालको पश्चिम तराई भेगका थारू जातिको परम्परागत संस्कृति अनुरूप आइतवारी व्रत बस्ने चलन छ । त्यस व्रतमा पाँच पाण्डवमध्ये भीमको सम्झनामा उनैको पूजा गर्ने चलन छ भने यो व्रत कृष्ण अष्टमीको अघिल्लो आईतवारबाट शुरु गरी लगभग दशैंको पूर्णिमासम्म रहन्छ । यसै अवसरमा व्रत बसेको दोस्रो दिनबाट यो 'सखीया' नृत्य आरम्भ गरिन्छ एवं व्रतसँगै समाप्त पनि गर्ने गरेको पाइन्छ । यस 'सखीया' नृत्यमा भगवान कृष्णको

व्यथाहरू एक आपसमा साटासाट र भावनाको आदान-प्रदान गर्ने गरिन्छ ।

सहभागी कलाकारहरू

१) रामबहादुर थापा (टोली नेता)

२) महेन्द्र गुरुङ ३) होम थापा
४) विजय बि. क. ५) तिलक नेपाली
६) तुल्सी शाही ७) लक्ष्मी राना
८) जानुका हिताङ ९) तीलका हिताङ
१०) शन्चर थापा ।

## १२. कर्णाली अञ्चल कालीकोट जिल्ला

### देउडा नृत्य

कालीकोट जिल्लाको स्थानीय सांस्कृतिक गतिविधि, सो जिल्लाको पछौटेपनको चित्रण गरी नृत्य प्रस्तुत गरिएको छ ।

सहभागी कलाकारहरू

१) श्रीमती शुसिला थापा (टोली नेता)

२) हुकुमराज शाही ३) हिक्मतबहादुर शाही
४) कुम्मेर शाही ५) चक्रबहादुर शाही
६) रतनबहादुर विश्वकर्मा ७) श्याम ओली
८) सरिता न्यौपाने ९) तारा शाही
१०) सत्य थापा ११) निर्मला विष्ट
१२) विष्णु पोखरेल ।



## १३. सेती अञ्चल अछाम जिल्ला

### न्याउले खेल पुतला

अछामको कला र संस्कृति झल्कने स्थानीय नृत्य

सहभागी कलाकारहरू

१) नृपबहादुर लोहार (टोली नेता)

२) कला कुंवर ३) कल्पना कुवर
४) खटकबहादुर लोहार ५) सुश्री किरण कुंवर
६) सत्यकला नाथ ७) रामप्यारी बुढा थापा
८) रमेश लोहार ९) हिक्मत कुंवर
१०) गोरख कुंवर ।

## १४. महाकाली अञ्चल दार्चूला जिल्ला

### शाहुकाली देउ उपासना

प्रस्तुत गीतमा सुदूर पश्चिमाञ्चल स्थित भारत, चीन र नेपालको त्रिकोणीय सिमानामा पर्ने दार्चुला जिल्लाको व्यास गर्खाका बाहकाली समुदायद्वारा आफ्नो कुल देवता नमज्युंग को उपासना गर्दाखेरीको झझलको झल्काएको छ । शाहकाली जनसमुदाय खास गरेर आषाढ महिनाको शुकलपक्षको मंगल कामना गर्दै यो गीतिनृत्य प्रस्तुत गर्दछ ।

सहभागी कलाकारहरू

१) जगतसिंह नबियाल (टोली नेता)

२) किसानन्द अवस्थी ३) सुश्री घाना घर्ती
४) सुश्री लक्ष्मी सदाशंकर ५) सुश्री द्रौपति बुढाथोकी
६) सुश्री समीता बुढाथोकी ७) सुश्री मोन्ती बोहरा
८) गोकर्णसिंह बोहरा ९) छत्रसिंह बोहरा
१०) गोपालसिंह बुढाथोकी ।

# सांस्कृतिक संस्थानको प्रस्तुति
## राष्ट्रिय एकता नृत्य

नेपाल चार जात छत्तीस वर्णको साझा फूलवारी हो । राजा सबैको साझा हो । अनेकतामा एकता नै राज संस्थाको विशेषता हो । यीनै भावनामा आधारित यो राष्ट्रिय एकता नृत्य हो ।

### सहभागी कलाकारहरू

१) विमला श्रेष्ठ
२) खेलबहादुर लामा
३) अन्जु रञ्जित
४) यज्ञमान शाकय
५) सीता कार्की
६) विजय मानन्धर
७) कविता मानन्धर
८) मनोज जोशी
९) रेखा कटुवाल
१०) मदन थापा
११) पार्वती पन्त
१२) केशवराज राई
१३) शोभा महर्जन
१४) मनराम के. सी.
१५) मीना आले
१६) नरेन्द्र आले

नृत्य निर्देशक
**सुरेश मिश्र**

गीत रचना
**हिरण्य भोजपुरे**

संगीत निर्देशक
**प्रवीण गुरुङ**



# सांस्कृतिक संस्थान
## सञ्चालक समिति

श्री विजय बजिमय
अध्यक्ष

श्री श्रीधर पोखरेल
सदस्य

श्री तैयव शाह
सदस्य

श्री रमेश बुढाथोकी
सदस्य

श्री रमेश भण्डारी
सदस्य

श्री हरिहर शर्मा
सदस्य-सचिव